# नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

स्वीकृत मिति : २०७७।०४।२७
प्रमाणिकरण मिति : २०७७।०५।०५

## महाकाली नगरपालिका,
## नगरकार्यपालिकाको कार्यालय
## खलंगा, दार्चुला

## प्रस्तावना

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि ८ बमोजिम एकल अधिकार र अनुसूचि ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड (छ) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सञ्चालन कार्यान्वयन तथा नियमन सम्बन्धी अधिकार रहेको छ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) उपदफा (२) को खण्ड (छ) मा रोजगार सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था भए बमोजिम नगरपालिकामा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी सुनिश्चित गर्न एवम् सामुदायिक पुर्वाधार विकास मार्फत नागरिकको जीविकोपार्जनमा सुधार ल्याउन नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन गर्नु वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली नगरपालिकाले नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ नगर कार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. यो कार्यविधिको नामः** १) नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ रहेकोछ ।
२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "नियमावली" भन्नाले रोजगारीको हक सम्वन्धि नियमावली २०७५ सम्झनु पर्दछ ।

ग) "सभा" भन्नाले महाकाली नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले महाकाली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

च) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्रासिका लागि तयार गरिएको व्यवस्थित सार्वजनिक पुर्वाधार निर्माण वा अन्य सार्वजनिक योजनालाई सम्झनु पर्दछ ।

छ) "सार्वजनिक परीक्षण" भन्नाले सार्वजनिक परीक्षण कार्यविधि, २०६७ बमोजिम स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्रास नतिजा,



२०७७/६/५/१५ निप्रमुख प्रशासकीय अधिकृत

उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

ज) "रोजगार व्यवस्थापन सुचना प्रणाली" भन्नाले नगरपालिका क्षेत्र भत्रका बेरोजगारहरुलाइ रोजगार व्यवस्थापन गर्ने उद्देश्यले बेरोजगार श्रमिक सूचिकृत गर्ने कम्प्यटरीकृत सुचना प्रणाली (E-MIS) लाई सम्झनु पर्छ ।

झ) "श्रमिक" भन्नाले नगरपालिकाको रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत बेरोजगार श्रम गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

ञ) "बेरोजगार" भन्नाले नगरपालिकाको रोजगार सुचना व्यवस्थापन प्रणालीमा सुचिकृत भइ अनुसुचि-२ बमोजिम लाभग्राही परिचय-पत्र प्राप्त श्रमिकलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

### ३. कार्यक्रमको ढाँचा र क्षेत्र

१) नगर प्रमुख रोजगार कार्यक्रम अन्तरगत नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुले सुचिकृत वेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन कार्यविधि वमोजिम देहायको ढाँचामा आयोजना सञ्चालन गर्न सकिनेछ।

क) सार्वजनिक पुर्वाधार निर्माण तथा सार्वजनिक आयोजना मार्फत रोजगारी सिर्जना गर्न सुचिकृत वेरोजगार व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित समुदाय स्तरको आयोजना सञ्चालन ।

ख) नगरपालिका भित्रका सार्वजनिक पुर्वाधार मर्मत सम्भार मार्फत रोजगारीका लागि सुचिकृत वेरोजगार व्यक्तिहरुलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारीश्रमिकमा आधारित आयोजना सञ्चालन ।

ग) अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था अन्तरगत वेरोजगार व्यक्तिको सुचिमा सुचिकृत भएका अपाङ्गता भएका व्यक्तिहरुका लागि रोजगारको हक सुनिश्चित गर्न सकिनेछ ।

घ) अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक अवस्था र शैक्षिक योग्यताको आधारमा उपयुक्त रोजगारीका अवसर उपलव्ध भए त्यस्तो रोजगारीमा निजलाई प्राथमिकता दिईनेछ ।

### ४. स्थलमा आधारित तालिम

१) सुचिकृत वेरोजगार व्यक्तिलाई दफा (३) को खण्ड (क) र (ख) वमोजिमका आयोजनामा रोजगारीमा खटाउँदा खटिएको आयोजनामा काम गरी रहेकै बखत उनीहरुमा काम सँग सम्वन्धित सिप एवम् क्षमता विकास गर्न कार्य स्थलमा आवश्यकतामा आधारीत तालिम प्रदान गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कार्य स्थलमा आधारित तालिम दिइएको अवधिलाई रोजगारी दिनकै रुपमा गणना गरी श्रमिकलाई सो अवधिको समेत ज्याला उपलव्ध गराउनु पर्नेछ।

३) उपदफा (२) बमोजिम कार्य स्थलमा आधारित तालिम दिईएको सम्वन्धमा कार्यपालिकाले छुटै कार्यविधि वनाई लागु गर्न सकिनेछ ।

५. आयोजना छनौट १) नगर प्रमुख रोजगार कार्यक्रम अन्तरगत देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्न छनौट गरिनेछन् ।

क) सडक निर्माण तथा मर्मत सम्भार

- नगरपालिका क्षेत्र भित्रका वस्ती, स्वाथ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा प्रयटकिय स्थल जोडने सडक निर्माण तथा मर्मत सम्भार राष्ट्रिय तथा प्रदेशिक सडकवाट गाँउ वा टोल जोडने सडक निर्माण तथा मर्मत सम्भार।

ख) कृषि तथा सिचाई

- सिचाईका लागि कुलो तथा पैनी निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीका मुल सरक्षण एवम् मर्मत सम्भार
- कृषि तथा पशुपन्छिजन्य उत्पादनको भन्डारण तथा विक्रि वितरणका लागि आवश्यक पर्ने भन्डार गृह शित भन्डार हाट वजार र तरकारी तथा फलफुल सकलन तथा विक्रि केन्द्रको निर्माण तथा मर्मत सम्भार

ग) ग्रामिण खानेपानी

- खानेपानी आयोजनाहरुको निर्माण पाईप लाईन निर्माण तथा मर्मत सम्भार

घ) स्वाथ्य तथा सरसफाई

- स्वास्थ्य चौकि स्वास्थ्य केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहर व्यवस्थापनका पुर्वाधारको निर्माण तथा मर्मत सम्भार

ङ) शिक्षा

- सरकारी विद्यालय भवन सार्वजनिक पुस्तकालय तथा विद्यालय परिषरमा शौचालय पानी धारा खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

च) वन तथा जलाधार

- फलफुलको विरुवारोपण, वृक्षारोपण तथा वन जगल संरक्षण
- पहिरो तथा नदि नियन्त्रण
- साना बाध निर्माण

छ) पर्यटन

- पद मार्ग निर्माण तथा मर्मत सम्भार
- पद मार्ग तथा पर्यटकिय क्षेत्रमा सेड विश्राम स्थल तथा चौतारा निर्माण तथा सरक्षण
- उच्च महत्वका प्रसिद्ध स्थल मर्मत सम्भार तथा सरक्षण

## परिच्छेद-३

६. **आयोजना छनौट प्रक्रिया:** १) महाकाली नगरपालिकाले यस कार्यक्रमका लागि छनौट गर्दा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुको सुची मध्येवाट एउटा आयोजनाको लागत अनुमानमा ज्याला रकम ७० प्रतिशत भन्दा बढी हुने योजना छनौट गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम आयोजना उपलब्ध नभएमा वा उपलब्ध आयोजना सम्वन्धित स्थानिय तहमा सवै वेरोजगार व्यक्तिलाई एक सय दिनको न्युनतम रोजगारी उपलव्ध गराउन पर्याप्त नभएको अवस्थामा नगरपालिकाले वडा समितिहरुलाई एउटा आयोजनाको लागत रु. ५ लाख भन्दा वढी नहुने गरी दफा (५) वमोजिमका क्षेत्र भित्र पर्ने आयोजना पहिचान गरी सिफारिस सहित पठाउन माग गर्नु सकिनेछ ।

३) उपदफा (२) वमोजिम आयोजना माग भएकोमा वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नु पर्नेछ ।

क) गरिवी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने ।

ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पुर्वाधार निर्माण हुने

ग) वढी भन्दा वढी जनसंख्यालाई लाभ पुग्ने

घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने

ङ) वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्न योगदान पुय्याउने ।

४) वडा स्तरमा योजना छनौट गर्दा यस कार्यक्रमवाट उपदफा (१) र (२) मा तोकिए वमोजिमका सीमामा रही विनियोजन हुने रकम श्रमिकको ज्यालामा मात्र भुक्तानी गर्ने गरी आफ्नो वा अन्य कुनै स्रोतवाट थप रकमको व्यवस्था गरेर उपदफा (१) र (२) मा तोकिए भन्दा वढी लागतका आयोजनाहरु समेत प्रस्ताव गर्न सकिनेछ ।

५) उपदफा (४) बमोजिमका योजनाहरुको हकमा प्रस्ताव पेश गर्दा श्रमिकको ज्याला रकम योजनाको कुल लागतको ७० सत्तरी प्रतिशत भन्दा कम हुने गरी प्रस्ताव गर्न सकिनेछैन् ।

६) यस निर्देशिका बमोजिम योजना कार्यान्वयन गर्न प्रस्ताव तयार भएका आयोजनामा देहायका शर्त पुरा भएको हुनु पर्नेछ ।

क) **श्रम मुलक प्रविधिको प्रयोग गर्नु पर्ने:** आयोजना कार्यान्यनमा श्रममुलक प्रविधिको मात्र प्रयोग हुने गरी योजनाको प्रस्ताव गर्नुपर्नेछ । लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन, ब्वाईलर जस्ता हेवि मेशिनहरु प्रयोग गर्ने गरी आयोजना प्रस्ताव गर्न पाईने छैन ।

ख) **लागत अनुमान स्वीकृत भएको हुनु पर्ने:** सम्वन्धमा नगरपालिकाले प्राविधिक कर्मचारीहरुवाट आयोजना लागत अनुमान (आवश्यकता अनुसार डईङ डिजाईन सहित) निर्धारित ढाँचा र अनिवार्य नेपाली भाषामा तयारी स्वीकृत गरेको हुनु पर्नेछ । लागत अनुमान तयार गर्दा १५ प्रतिशत ज्याला रकम जनश्रममा गणना हुने गरी तयार गर्नु पर्नेछ ।

ग) **न्युनतम सत्तरी प्रतिशत रकम ज्यालामा खर्च हुनु पर्ने :** प्राविधिकको लागत अनुमान तयार गर्दा आयोजनाको कुल अनुमानित लागतको सत्तरी प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च हुने गरी देहाय वमोजिमको सीमा भित्र रही खर्चको लागत अनुमानको प्रस्ताव तयार गर्नु पर्नेछ ।

| क्र.सं. | खर्चको क्षेत्र | खर्चको सीमा (कुल अनुमानित लागतको) |
|---|---|---|
| १. | श्रमिकको ज्याला भुक्तानी | न्युनतम ७० प्रतिशत |
| २. | निर्माण सामग्री खरिद | अधिकतम २५ प्रतिशत |
| ३. | श्रमिकका लागि आवश्यक हाते औजार खरीद | अधिकतम २ प्रतिशत |
| ४. | श्रमिकको लागि कार्यस्थल सुरक्षा सामग्री खरीद | अधिकतम १.५ प्रतिशत |
| ५. | कन्टिजेन्सी तथा मर्मत सम्भार क्रोष खर्च | अधिकतम १.५ प्रतिशत |
| ६. | जनश्रम व्यवस्थापन | १५ प्रतिशत |

घ) **अन्य स्रोतवाट थप निर्माण सामग्री खरीद गर्न सक्ने:** नगरपालिकाले यस कार्यक्रमवाट विनियोजित वजेट भन्दा वाहेकको आफ्नौ वा अन्य कुनै स्रोतवाट खर्च व्यहोर्ने गरी आयोजनाको कुल अनुमानित लागतको पच्चिस प्रतिशत भन्दा वढी रकम निर्माण सामग्री खरीद गर्ने गरी आयोजना प्रस्ताव गर्न सक्नेछ ।



२०७६।५।१५

ङ) **प्राविधिकको सिफारिस बमोजिम सुरक्षा सामग्री खरिद गर्नु पर्नेः** श्रमिकका लागि कार्य स्थलमा सुरक्षा सामग्रीको खरिद गर्दा श्रमिकको सुरक्षामा जोखिम हुने भनी स्पष्ट फारममा उक्त आयोजना काम गर्दा श्रमिकको सुरक्षा सावधानीका लागि प्रयोग गर्न सिफारिस गरेका सामग्रीहरु लागत इष्टिमेटमा तोकिएको अनुमानित लागतको सीमा भित्र रहेर मात्र खरिद गर्नु पर्नेछ ।

**७. आयोजनाको प्राथमिकिकरण गर्नेः**

१) निर्देशिकाको दफा (६) बमोजिम सफारिस भइ पेश भएका प्रस्तावहरुबाट योजना प्राथमिकीकरण गरी स्वीकृत गर्न कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

२) नगर प्रमुख रोजगार कार्यक्रम अन्तरगत आयोजनाहरु नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कार्यपालिकाबाट प्राथमिकता निर्धारण गरी स्वीकृत गर्नु पर्नेछ ।

३) नगरपालिकाले सुचिकृत सबै वेरोजगार व्यक्तिलाई न्युनतम एक सय दिनको रोजगारी प्रदान गर्न उपदफा (२) बमोजिम वडा समितिवाट सिफारीस भई आएका आयोजना बाहेक आवश्यक पर्ने अन्य आयोजना मध्येवाट नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कार्यपालिकाबाट प्राथमिकता निर्धारण गरी स्वीकृत कार्यान्वयन गर्न सकिनेछ।

## परिच्छेद-४

**८. आयोजना कार्यान्वयन प्रक्रिया**

१) नगरपालिकाको विनियोजन ऐनमा स्वीकृत योजना तथा निर्देशिकाको दफा (७) बमोजिम प्राथमिकीरण भइ स्वीकृत योजना यस निर्देशिका बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कार्यान्वयन हुने योजनाहरुको कुल लागत अनुमानको ७० प्रतिशत रकम श्रमिक ज्यालामा खर्च हुने प्रक्रितिका योजनाहरु अनिवार्य यस निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र श्रमिक ज्याला रकम ७० प्रतिशत भन्दा कम ज्याला निर्धारण हुने योजनाहरु योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कार्यान्वयन गरिनेछ ।

३) उपदफा (१) र(२) बमोजिम कार्यान्वयन हुने योजनाहरुमा वडाहरुले नगरपालिकाको रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउदा आयोजनाको स्वीकृत लागत अनुमान बमोजिम उपलव्ध रोजगारीका अवसरमा एक व्यक्तिलाई एक सय दिन सम्म रोजगारी प्रदान गर्ने गरी आवश्यक संख्याका श्रमिकलाई रोजगार

व्यवस्थापन सुचना प्रणालीमा सूचिकृत बेरोजगार व्यक्तिको सुचिको प्राथमिकताक्रम अनुसार क्रमशः खटाउनु पर्नेछ।

४) उपदफा (२) बमोजिम संचालन हुने योजनाहरुमा खटाइएका श्रमिकहरु अनिवार्य रोजगार व्यवस्थापन सूचना प्रणालीको सूचिमा सुचिकृत बेरोजगार हुनु पर्नेछन् र श्रमिकको ज्याला अनिवार्य श्रमिकको बैक खाता मार्फत भुक्तानी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

५) उपदफा (१) र (२) वमोजिम श्रमिकलाई रोजगारीमा खटाउनु पुर्व निर्देशिकाको अनुसुचि-२ बमोजिमको ढाँचामा लाभग्राही परिचय-पत्र नगरपालिकाले वडा कार्यालय मार्फतबाट उपलब्ध गराउनु पर्नेछ ।

६) लाभग्राही परिचय-पत्र प्राप्त श्रमिकलाइ मात्र कामकाजमा खटाउने र कार्यविधि वमोजिम रोजगारीमा खटाईएका श्रमिकहरुको अनिवार्य वैक खाता खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

७) नगर प्रमुख रोजगार कार्यक्रम कांर्यान्वयन समितिले रोजगार आयोजना संचालन गर्दा आवश्यक पर्ने निर्माण सामग्रीहरु दफा (६) को उपदफा (६) वमोजिम स्वीकृत लागत अनुमान अनुसार खरीद गर्नु पर्नेछ ।

८) योजना सञ्चालनमा आवश्यक हुने निर्माण सामग्री, सुरक्षा सामग्री एवम् औजार उपकरण खरिद गर्न योजनाको काममा खटिने श्रमिकहरु मध्ये एक जना अध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष रहने गरी ३ सदस्यीय योजना कार्यान्वन समिति गठन गरिनेछ । उक्त समिति योजनामा आवश्यक सामग्री खरिद गर्न र बैक खाता सञ्चालन प्रयोजनकोलागि मात्र सक्रिय रहनेछ अन्य अवस्थामा अन्य श्रमिक सरह काम गर्नु पर्नेछ

९) निर्माण सामग्री तथा सुरक्षा सामग्री एवम् औजार उपकरणको रकम उपदफा (८) बमोजिम गठन भएको समितिको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने बैक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ र योजना कार्यान्वयन समितिले योजना संग सम्बन्धित लेखा दुरुस्त राख्नु पर्नेछ।

१०)कुनै वडामा योजना कार्यान्वयन गर्दा उक्त वडामा आवश्यक सूचिकृत श्रमिक उपलब्ध नभएमा अन्य वडाहरुबाट सुचिकृत श्रमिक मार्फत काम गराउनु पर्नेछ ।यसरी काममा श्रमिक खटाउदा रोजगार व्यवस्थापन सुचना प्रणालीबाट निर्धारित प्राथमिकताक्रम अनुसार खटाउनु पर्ने छ ।

११) कुनै योजना कार्यान्वयन गर्दा रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत वेरोजगार श्रमिक उपलब्ध नभएको अवस्थामा अन्य दक्ष श्रमिक काममा खटाउन यस निर्देशिकाले बाधा पुर्‍याएको मानिने छैन् ।

**९. आयोजना स्थलः** १) यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भए सम्म एउटा वडा भित्र मात्रै संचालन गर्नु पर्नेछ ।

२) कुनै योजना एक भन्दा बढी वडाहरुमा सञ्चालन गर्नु पर्ने भएमा वडाहरुको आपसी सहमतिमा योजना स्वीकृत गराइ कार्यान्वयन गराउन सकिनेछ ।

**१०. काम वापतको पारिश्रमिकः** १) यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिकहरुलाइ देहाय बमेजिम पारिश्रमिक दिनु पर्नेछ ।

क) अदक्ष श्रमिक प्रति दिन रु ५१७ (पाँच सय सत्र)

ख) दक्ष श्रमिक प्रति दिन रु १००० (एक हजार)

२) योजनाको बिल भुक्तानी प्रक्रिया अन्तरगत सम्वन्धित योजना कार्यान्वयन समितिको निवेदन र श्रमिकको हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिस बमोजिम अनिवार्य श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

**११. निर्देशन तथा समन्वयः** १) यस कार्यविधि बमोजिम संचालन हुने आयोजनालाई निर्देशन र आवश्यकता अनुसार नगरपालिकाबाट निर्देशन तथा समन्वय गरिनेछ ।

२) नगरपालिका भित्र संचालन भएका रोजगार आयोजनाहरुको अनुगमन, समन्वय र सहजीकरणको जिम्मेवारी सम्वन्धित वडापालिकाको हुनेछ ।

३) वडाभित्र संचालन हुने रोजगार आयोजनाको सहजीकरण, समन्वय, अनुगमन र निर्देशन सम्वन्धित वडा समितिले गर्नेछ।

**१३. आयोजनाको अनुगमन, मुल्यांकन तथा प्रतिवेदनः** १) यस निर्देशिका बमोजिम कार्यान्वयन भएका आयोजनाको अनुगमन, मुल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था नगरपालिकाको योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम हुनेछ।

२) यस निर्देशिका बमोजिम कार्यान्वयन भएका योजनाहरुको जाँचपास फरफारक योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम हुनेछ।

## परिच्छेद ५
## विविध

<u>**१४. बरोजगार सूचिकृत सम्बन्धी व्यवस्थाः**</u> १) नगर प्रमुख रोजगार कार्यक्रम संचालन गर्नु भन्दा पूर्व निर्देशिकाको अनुसुचि-१ बमोजिम फारम अनुसार बरोजगारको लगत संकलन गरी श्रमिकहरुलाई नगरपालिकाको रोजगार व्यवस्थापन सुचना प्रणालिमा सूचिकृत गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम रोजगार व्यवस्थापन सुचना प्रणालिमा श्रमिकलाइ सूचिकृत गराउन प्रत्येक बर्ष असार मसान्त भित्र वडा कार्यालयले बेरोजगारहरुको लगत संकलन गरी नगरपालिका पेश गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम रोजगार व्यवस्थापन सुचना प्रणालिमा सूचिकृत श्रमिकलाइ निर्देशिकाको अनुसुचि-२ बमोजिमको ढाँचामा लाभग्राही परिचय-पत्र नगरकार्यपालिकाले जारी गरी वडा कार्यालय मार्फत लाभग्राहीलाइ उपलब्ध गराउनु पर्नेछ ।

४) उपदफा (१) र (२) बमोजिम रेजगार सूचना प्रणालीमा सूचिकृत हुन छुट भएका बेरोजगारहरुलाइ आ.ब. २०७७।०७८ को हकमा रोजगार योजना कार्यान्वयन हुनु भन्दा पूर्व सूचिकृत गराइ उपदफा (३) बमोजिम लाभग्राही परिचय पत्र उपलबध गराइ काममा खटाउन सकिनेछ ।

५) आ.ब. २०७८।०७९ बाट उपदफा (४) स्वतः खारेज हुनेछ ।

१५. **सार्वजनिक परिक्षणः** वडा समितिले श्रमिकहरुको हाजिरी विवरण, भुक्तानि प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको नगरपालिकाको योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

१६. **तेस्रो पक्षको संगलनताः** रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि काम ठेक्का मार्फत वा तेस्रो पक्ष नियुक्त गरी गर्न पाईने छैन ।

१७. **खर्चको विवरण अद्यावधिक गर्नु पर्नेः**

रोजगार आयोजनाको लागत तथा खर्च श्रमिकको रोजगारी दिन र भुक्तानीको अद्यावधिक विवरण रोजगार व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

१९. **संशोधन सम्बन्धी व्यवस्थाः** यस निर्देशिकामा संशोधन वा थपघट गर्न वान्छनीय भएमा कार्यपालिकाबाट संशोधन वा थपघट गर्न सक्नेछ ।

२०. **बचाउ खारेजी सम्बन्धि व्यवस्थाः** १) नगरपालिकाको लक्षित वर्ग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ खारेज गरिएकोछ ।

२) यस निर्देशिका उल्लेखित कुरा प्रचलित कानुन संग बाझिएको हद सम्म स्वतः खारेज भएको मनिनेछ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुचि -१

श्री ..... .... नं. वडा कार्यालय,
महाकाली नगरपालिका खलंगा, दार्चुला ।

विषयः- **बेरोजगार दर्ता निवेदन**

रोजगारको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम् रोजगारीको अवसर नपाएको र संघीय सरकार/प्रदेश सरकार/स्थानीय तहबाट संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन इच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेकोछु ।

१. नाम, थर ...................... लिंग..........
२. वर्ग/समुह ..........
३. शारिरीक अवस्था .......... अपांग भए परिचयपत्र वर्ग..........
४. स्थायी ठेगानाः- महाकाली नगरपालिका .......... नं. वडा .............
५. अस्थायी ठेगानाः- ...................... नपा/गापा वडा नं. ..........................
६. नागरिकता/राष्ट्रिय परिचय पत्र नं. र जारी जिल्लाः-
७. परिवारको सदस्य कुल संख्या ........ महिला .......... पुरुष .......... बृद्ध ........
नाबालक ........ अन्य ..........
८. रोजगारीको अवस्था (निवेदक सहित) :- १८ देखि ५९ उमेर समुह

| नाम | निवेदक संगको नाता | जन्म मिति | योग्यता | सीप | कार्य अनुभव | रोजगारीको अवस्था | कुनै कोषबाट सहायताको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

- रोजगारीको अवस्थामा सवदेश तथा बैदेशिक रेगार सम्बन्धी विवरण
- सामाजिक सूरक्षा कोष वा अन्य कुनै कोषबाट सहायत लिएको वा नलिएको खुलाउने



२०७८/५/१५

प्रमुख प्रशासकीय अधिकृत

९. आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस्):

| क्र.सं. | पेशा | | क्र.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य ...................................... | |

१०. निवेदकको मुख्य पेशाबाट बर्ष भरीमा खान पुग्ने अविधि .......... महिना

११. निवेदक चालु आबमा रोजगारीमा संलग्न भएको दिन ...........

१२. बसोबासको लागि आफ्नो घर भएको/नभएको ...........

१३. निवेदक एकल महिला भएको विवरण ...........

१४. निवेदक गर्भवती वा सुत्केरीके विवरण सुत्केरी भए महिना उल्लेख गर्ने

१५. निवेदकको बार्षिक परिवारिक आय:-

१६. काम गर्न चाहेको क्षेत्र:-

१७. काम गर्न चाहेको ठाउँ:-

१८. काममा खटिन चाहेको समय ........... महिना देखि ........... सम्म

१९. तालीमको विवरण:-

२०. कामको अनुभव:-

उपरोक्त विवरण साँचो हो, झुठा ठहरेमा कानुन बमोजिम सहुला बुझाउला भनी सही छाप गर्ने ।

निवेदकको नाम ..........

दस्तखत ..........

मिति ..........

सम्पर्क नं. ..........

इमेल ..........

| दायाँ | बाँया |
|---|---|
| | |

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश नेपाल

अनुसुचि-२

महाकाली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खलंगा दार्चुला

परिवार संकेत नं

परिचय पत्र नं

## लाभग्रही परिचय पत्र

फोटो

नामः-
ठेगानाः-
नागरिकता/राष्ट्रिय परिचय पत्र नं. :-
परिचय पत्र जारी मितिः-
परिचयपत्र बहाल रहने मितिः-

प्रमाणित गर्ने कर्मचारीको नामः-
पदः-
हस्ताक्षरः-

पारिवारिक विवरण

| संकेत नं | नाम | लाभग्रही संगको नाता | नागरिकता/राष्ट्रिय परिचय पत्र नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

रोजगारीको विवरण

| काम गरेको आयोजनाको नाम | अवधि | | कामको प्रकृति | प्रमाणित गर्ने आयोजना प्रमुख | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



२०६६।५।१५
निजामती प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**श्रमिकको आचरण**

क) समयको पालना गर्ने

ख) समुहमा मिलेर काम गर्ने

ग) सुपरीवेक्षकके निर्देशनमा काम गर्ने

घ) असल आचरण र अनुशासन कायम गर्ने

ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामग्री

च) आयोजना स्थलमा खटिएके प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्बन गर्ने

छ) कार्य समयमा कार्यस्थलमा मदिरा सेवन नगर्ने सेवन गरी उपस्थित नहुने

ज) कार्य स्थलमा सहकर्मी वा अन्य कुनै व्यक्ति संग झैझगडा नगर्ने नगराउने

झ) कार्यस्थलमा सामप्रदायीक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने

ञ) कार्यस्थलमा लैंगिक जातीय क्षेत्रीय धार्मिक सांस्कृतिक तथा यौन जन्य हिंसा र विभेद नगर्ने नगराउने ।

२०८०।२।५

प्रमुख प्रशासकीय अधिकृत